# धरान उपमहानगरपालिका
## DHARAN SUB-METROPOLITAN CITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
### राजस्व नीति तथा प्रशासन महाशाखा
धरान, सुनसरी १ नं. प्रदेश नेपाल
PROVINCE NO. 1, DHARAN, SUNSARI, NEPAL


प.सं. /०७७/०७८
च.नं.

मितिः २०७८।०३।३१

## क्यान्टिन भवनको कोठा नं. २ (क्यान्टिन) भाडामा दिने सम्बन्धमा
## (प्रथम पटक सूचना प्रकाशित मितिः २०७८/०३/३१)

यस कार्यालयद्वारा चालु आ.व. २०७८/०७९ देखि ३ बर्षका लागि यस कार्यालयको क्यान्टिनमा खानाखाजाको दर र सोको भारको आधारमा प्रतिस्पर्धा गराई सबैभन्दा कम औषत मूल्यदरमा क्यान्टिनको (कोठा नं. २) भाडामा दिने सम्बन्धमा इच्छुक व्यवसायीहरुले प्रकाशित सूचनाको नियम तथा शर्तहरुको अधिनमा रही तपसिलमा उल्लेख भए अनुसारको सिलबन्दी प्रस्तावपत्र रु.१०००/- (फिर्ता नहुने गरी) मा खरिद गरी यस कार्यालयमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धिको विस्तृत सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएकोछ। थप जानकारीको लागि यस कार्यालयको वेबसाइटमा हेर्न हुन वा राजश्व नीति तथा प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।

<u>(प्रथम पटक सूचना प्रकाशित मितिः २०७८।०३।३१)</u>

<u>क्यान्टिन भाडामा दिने सम्बन्धी नियम तथा शर्तहरुः</u>

१. धरान १२ स्थित नगर कार्यपालिकाको कार्यालय परिसर भित्र रहेको उ.म.न.पा. क्यान्टिन भवन कोठा नं. २ को न्यूनतम कबोल अंक मासिक भाडा दर रु. १०,०००/- (दशहजार मात्र) कायम गरिएको छ।

२. प्रस्तावपत्रदाताले यसको सूचनामा उल्लिखित शर्तहरु तथा प्रचलित कानून पढी बुझी पेश गरेको मानिनेछ।

३. प्रस्तावपत्रदाताले यस प्रस्तावपत्र फारामको प्रत्येक पानामा व्यक्ति भए आफ्नो दस्तखत र फर्म भए फर्मको आधिकारिक व्यक्तिको दस्तखत र संस्थाको छाप अनिवार्य रुपमा लगाएको हुनुपर्छ।

४. *<u>प्रस्तावपत्रदाताले पेश गर्नु पर्ने आवश्यक कागजातहरु</u>*

क) स्थायी लेखा नं. दर्ता प्रमाणपत्रको प्रतिलिपी (आव २०७६/०७७ को कर चुक्ता सहित)

ख) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी (आव २०७७/०७८ को कर चुक्ता सहित)

ग) नागरिकता प्रमाणपत्रको प्रतिलिपी

घ) उल्लिखित आवश्यक सबै कागजातहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी पेश गरेको हुनुपर्नेछ ।

कार्यकारी अधिकृतः ०२५-५२०७९, सूचना, राजस्व ५२०१०९, कार्यालयः५२०४७०,५२०६३६,५२०८१३ फ्याक्सः ५२१९९१ बारुणयन्त्रः १०१, ५२०१९९

५. कोठा भाडाको अवधि आर्थिक वर्ष २०७८/०७९ देखि आर्थिक वर्ष २०८०/०८१ सम्म ३ वर्षको हुनेछ र मासिक भाडा दरको वार्षिक बृद्धि दर १० प्रतिशत रहने छ ।

६. प्रस्तावपत्रदाताले क्यान्टिनको खानाखाजाको दर र सोको भारको आधारमा सबैभन्दा कम औषत अंक र अक्षरमा प्रष्टसँग उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको मान्य हुनेछ।

७. प्रस्तावपत्रदाताले प्रस्तावपत्र पेश गर्दा ३ बर्षको भाडा रकमको ५ प्रतिशतले हुने रकम रु. १९८६०/- (उन्नाइसहजार आठसय साठ्ठी) जम्मा गरेको धरौटीको भौचर सहित पेश गर्नु पर्ने छ । (धरौटी खाता नं. २१६०१००३०३००००००२)

८. प्रस्तावपत्रदाताहरु मध्ये रीत पुगेको प्रस्तावदाताले पेश गरेको खानाखाजाको दर र सोको भारको आधारमा सबैभन्दा कम औषत कबुल अंकलाई मान्यता दिई प्रस्तावपत्र स्वीकृत गरिनेछ।

९. प्रस्तावपत्र स्वीकृत भएपछि मासिक कवोल अङ्कको तेस्रो वर्षको अन्तिम ३ (तीन) महिनाको ठेक्का रकम धरान उपमहानगरपालिकाको धरौटी खातामा जम्मा गरेको भौचर पेश गरेपछि मात्र ठेक्का सम्झौता गरिनेछ ।

१०. प्रस्तावपत्र स्वीकृत भएपछि स्वीकृत रकम अनुसार अग्रिम एकमुष्ट १ वर्षको पूरै भाडा रकम सम्झौता गर्नु अघि बुझाएमा १०% छुट दिइनेछ ।

११. यस प्रस्तावपत्रको सम्बन्धमा नेपाल सरकार, स्थानीय तह वा अन्य कुनै निकायलाई बुझाउनु पर्ने कर, दस्तुर, सेवा शुल्क वा त्यस्तै अन्य केही भएमा भाडावाला आफैंले बुझाउनु पर्नेछ।

१२. प्रस्तावपत्र सम्बन्धमा कुनै किसिमको विवाद परेमा कार्यपालिकाको निर्णय अनुसार हुनेछ।

१३. प्रस्तावपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक मात्र स्वीकृत गर्ने अधिकार कार्यालयलाई हुनेछ।

१४. म्याद नाघी आएको, शर्त राखिएको वा रित नपुगेको प्रस्तावपत्रलाई मान्यता दिइने छैन।

१५. कोठामा प्रयोग हुने पानी र बत्तीको महशुल भाडावाला आफैंले बुझाउनु पर्ने छ ।

१६. प्रस्तावपत्रदाताले पेश गरेको धरौती रकमको हकमा सिलबन्दी प्रस्तावपत्र स्वीकृत भई सम्झौता नभए सम्म फिर्ता लिन पाइने छैन ।

१७. कोठाको रेखदेख, संरक्षण, मर्मत सुधार र रंगरोगनको कार्य भाडावाला आफैंले गर्नु पर्नेछ। कोठा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा बुझी कोठा भाडाको म्याद समाप्त भएपछि चालु हालतमा नै फिर्ता बुझाउनु पर्नेछ।

१८. प्रस्तावपत्र पेश स्वीकृत भएको जानकारी पाएको ७ (सात) दिनभित्र तोकिएको अङ्क बराबरको नगद वा परफरमेन्स वोण्ड सहित कबुलियत गर्न वा पट्टा पुर्जी लिन नआएमा प्रस्तावपत्र पेश गर्दा राखेको धरौटी जफत गरी अन्य व्यवस्था गरिनेछ।

# धरान उपमहानगरपालिका
# DHARAN SUB-METROPOLITAN CITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
### राजस्व नीति तथा प्रशासन महाशाखा
धरान, सुनसरी १ नं. प्रदेश नेपाल
**PROVINCE NO. 1, DHARAN, SUNSARI, NEPAL**

प.सं. /०७७/०७८
च.नं.

मितिः २०७८।०३।३१

१९. प्रस्तावदाता, फर्म, व्यक्ति वा व्यवसायीले नगरपालिकालाई कुनै बाँकी बक्यौता रकम चुक्ता गर्न वा बुझाउन बाँकी भई बक्यौता देखिएमा त्यस्तो प्रस्तावदाता, व्यक्ति वा व्यवसायीलाई ठेक्का दिइने छैन।

२०. नेपाल सरकार, अदालत र नगरपालिकाले दिएको आदेश निर्देशनको भाडावालाले अक्षरशः पालना गर्नु पर्नेछ। यसमा उल्लेख भए बाहेकका अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

२१. भाडावालले आफ्नो नाममा कोठा भाडा लिने स्वीकृत भएको कोठा आफूले सञ्चालन नगरी अरु कसैलाई बिक्री वितरण वा प्रयोग गर्न दिन पाउने छैन । यसो गरेको पाइएमा प्रस्तावपत्र स्वतः रद्द हुने छ ।

२२. कोठामा मदिराजन्य, सुर्तीजन्य पदार्थ वा कानूनले अवैध ठह-याएको कुनै पनि कारोबार गर्न, सटर/कोठा वा भवनको भौतिक अवस्थामा प्रतिकूल असर गर्ने, जनस्वास्थ्यमा असर गर्ने, ध्वनी तथा वातावरण प्रदुषण गर्ने काम गर्न निषेध गरिएको छ ।

२३. क्यान्टिन सञ्चालनकर्ता/भाडावालाले खाना खाजा लगायत अन्य खाद्यजन्यवस्तुहरुमा गुणस्तर कायम गरि बेचबिखन गर्नु पर्नेछ ।

२४. क्यान्टिन सञ्चालनकर्ता/भाडावालाले आफ्नो अनुभव तथा दक्षता अनुसार क्यान्टिन सञ्चालन गर्नु पर्नेछ ।

२५. क्यान्टिन सञ्चालनकर्ता/भाडावालाले क्यान्टिन सञ्चालन गर्दा बिक्री गरिने सम्पूर्ण खाद्यजन्य वस्तुहरुको मूल्यसूची तयार गरी सबैले देखिने गरी टाँस गर्नु पर्नेछ । साथै अतिरिक्त खाना वा खाजाको प्रस्तावित दररेट छ भने सो समेत उल्लेख गरी राख्नु पर्नेछ ।

२६. यसमा उल्लेख भएका कुरामा यसै बमोजिम र अन्यथा भएमा प्रचलित कानून बमोजिम हुनेछ।

२७. थप जानकारीका लागि यस कार्यालयको राजश्व नीति तथा प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ।

खगेन्द्रप्रसाद खतिवडा
वरिष्ठ राजस्व तथा सूचना अधिकृत

कार्यकारी अधिकृतः ०२५-५२०७९, सूचना, राजस्व ५२०१०९, कार्यालयः५२०४७०,५२०६३६,५२०८१३ फ्याक्सः ५२१९९१ बारणयन्त्रः १०१, ५२०१९९
E-mail: info@dharan.gov.np